# २ सामदानहरूको बीचमा

***यस अध्यायका मूल पदहरू:*** **प्रकाश १:९-१८, प्रेरित ७:५४-६०, मत्ती १२:८, प्रस्थान २०:११,दानिएल १०:५,६,प्रकाश १:२० र प्रकाश २:१-७।**

***यस अध्यायको मूल सार पद:*** **"पवित्र आत्माले चर्चहरूलाई जे भन्नुभएको छ सो कान हुनेले सुनोस्" (प्रकाश २:७ रूपान्तरित)।**

जब दुष्टहरू वा परमेश्वरलाई विश्वास नगर्नेहरूले गरेका घमण्ड वा फाइफुट्टीहरू देख्दछन् भजनसंग्रहका लेखकले भजनसंग्रह ७३मा आफू आजित वा अचम्मित भएको कुरा व्यक्त गर्दछन्। हो, तिनीहरू मोजमज्जा, रमाइलो गर्दै सबै कुरामा सम्पन्न भएर जिउँदछन् र त्यसको ठिक बिपरीत धर्मीहरू वा परमेश्वरप्रति आस्था राख्नेहरू अनेक किसिमका कष्टहरू भोगीरहेका हुन्छन्। यो अन्यायले भजनका लेखक अत्यन्त निराश र बिचलित भएका थिए (भजन ७३:२-१६)। दुष्ट, अन्यायी, अत्याचारी शोषकहरू फलिफाप वा उन्नति भएको देखेर भजनका लेखकलाई असह्य भएको थियो। उनी यसरी व्यक्त गर्दछन् "२ तर मेरा खुट्टा प्रायः चिप्लन लागेका थिए। मैले मेरो टेक्ने आधार हराउन लागेको थिएँ। ३ किनकि दुष्टहरूको उन्नति देखेर ती अहङ्कारीहरूको म डाह गर्दथें। ४ तिनीहरूलाई कठिनाइ छैन, तिनीहरूका शरीर स्वस्थ र बलिया छन्। ५ अरू मानिसहरूझैं तिनीहरू कष्टमा हुँदैनन्, तिनीहरूमाथि मानव खराबी आइलाग्दैनन्।६ यसकारण अहङ्कार तिनीहरूको सिक्री हुन्छ, र तिनीहरू हिंसाको वस्त्र लाउँछन्। ७ तिनीहरूका निष्ठुर हृदयबाट दुष्टता निस्कन्छ, तिनीहरूका मनको दुष्ट अहङ्कारको सीमा छैन। ८ तिनीहरू ठट्टा गर्छन्, अनि डाहका कुरा गर्छन्, र आफ्नो अहङ्कारमा अत्याचार गर्ने धम्की दिन्छन्। ९ तिनीहरूका मुखले स्वर्गकै दाबी गर्छन्, र तिनीहरूका जिब्राले पृथ्वीलाई अधिकार गर्छन्। १० यसकारण तिनीहरूका मानिसहरू तिनीहरूतर्फ फर्कन्छन्, र प्रशस्त पानी पिउँछन्।११ तिनीहरू भन्छन्, “परमेश्वरले कसरी जान्नुहुन्छ र? के सर्वोच्चमा ज्ञान छ र?” १२ हेर, दुष्टहरू यस्ता छन्। सधैं निश्चिन्त, तिनीहरू धन बढ़ाउँछन्। १३ निश्चय मैले व्यर्थमा आफ्नो हृदय शुद्ध राखेको छु, र निर्दोषतामा आफ्नो हात धोएको छु। १४ दिनभरि मैले आपत्ति भोगेको छु, र प्रत्येक बिहान मैले दण्ड भोग्नुपरेको छ। १५ यदि “म

यसै भन्नेछु" भनी मैले भनेको भए त, मैले तपाईंका सन्तानलाई विश्वासघात गर्नेथिएँ। १६ जब मैले यी सबै बुझ्ने कोसिस गरें, यो मेरो निम्ति अति गह्रौं भयो।" (भजनसंग्रह ७३:२-१६)। परमेश्वर असल भएतापनि (भजन ७३:१) उहाँलाई विश्वास गर्नेहरू र हृदय शुद्ध हुनेहरूले दुःख पाइरहेको देख्दा के गरुँ के गरूँ भएर आफ्नो मनको भारी बिसाउन उनी पवित्र स्थान वा मन्दिरमा गए। जब उनी त्यहाँ गए (अहिले चर्चमा भनेपनि हुन्छ) त्यहाँ परमेश्वरको उपस्थितिमा उनलाई जे भइरहेको थियो सो को बारेमा गहिरो आत्मज्ञान दिइएको थियो। उनले यसरी व्यक्त गर्दछन्: "१७ जबसम्म म परमेश्वरको पवित्रस्थानमा पसिनँ। तब मात्र मैले तिनीहरूको अन्तिम अवस्था बुझें।

१८ निश्चय तपाईंले तिनीहरूलाई चिप्ला ठाउँहरूमा राख्नुहुन्छ, तपाईंले तिनीहरूलाई सर्वनाशमा फालिदिनुहुन्छ। १९ तिनीहरू कति अचानक नष्ट हुन्छन्, त्रासले तिनीहरू पूर्णतः बगाइए! २० तिनीहरू बिहान बिउँझँदा सपनाजस्तै टलिजान्छन्। हे परमप्रभु, तपाईं बिउँझँदा तिनीहरूलाई कल्पनाझैं तुच्छ ठान्नुहुन्छ।" (भजनसंग्रह ७३:१७-२०)।

शताब्दीयौं पछि येशूका वयोबृद्ध चेलालाई पत्थरै पत्थर भएको झ्यालखानारूपि टापुमा मरोस् भनेर फ्याँकिएको थियो। उनले जे कष्ट पाएतापनि प्रभु येशूप्रति आफ्नो निष्ठा छोडेका थिएनन्। त्यसकै फलस्वरुप उनले त्यो कष्टको जीवन बिताइरहनुपरेको थियो। आफू त्यस्तो कष्टमय जीवन बिताइरहेको बेलामा आफूले नराम्रो खबर सुन्नु परेको थियो। उनको रेखदेखमा भएका चर्चहरूले अनेक किसिमका दुःखहरू भोगीरहेका थिए। तैपनि त्यस्तो निर्णायक वा आफ्नो हृदय बिचलित भएको बेलामा येशूले उनलाई दिब्यदर्शन दिनुभएको थियो। त्यस दर्शनमा उनले येशूलाई स्वर्गमा रहेको पवित्र स्थानमा पुनरुत्थान भएको देख्न पुगेका थिए। भजनसंग्रहका लेखकलाई जस्तै यहाँ यूहन्नालाई यस जीवनका रहस्यहरू र विश्वासीहरूले सामना गर्नुपर्ने संघर्षहरू देखाइएका थिए। त्यस पवित्र स्थानको दृश्यले यूहन्नालाई येशूको उपस्थिति र हेरचाह विश्वासीहरूको बीचमा सुनिश्चित भएको देखाइएको थियो। येशूबाट पाएको त्यो सन्देश चर्चहरूलाई र शताब्दीभरि र पृथ्वीको अन्तसम्म आउने येशूका विश्वासी पीँढीहरूलाई सुनाउन येशूले यूहन्नालाई अऱ्हाउनुभएको थियो।

यस अध्यायमा स्वर्गको पवित्र मन्दिरमा येशूको सेवाकार्यको बारेमा अलिकति नियाल्नेछौं। त्यसको साथै एशियाका सातवटा चर्चहरूलाई सम्बोधन गरेर लेखिएका विशेष सन्देशहरू यस अध्यायमा पढ्न सुरु गर्नेछौं। ती सन्देशहरू

केवल यूहन्नाका समयमा रहेका चर्चका विश्वासीहरूलाईमात्र अर्थपूर्ण नभएर बर्तमान समयमा रहेका हामीहरूका लागि पनि अत्यन्त महत्त्वपूर्ण र सान्दर्भिक छन्। अर्को अध्यायमा अरू सातवटा चर्चहरूलाई लेखिएका सन्देशहरू हेर्नेछौं।

## १ पात्मोसमा

**कुन परिस्थितिमा यूहन्नाले प्रकाशको पुस्तकमा लेखिएका दर्शनहरू देखेका थिए? हेर्नुहोस् प्रकाश १:९ "म यूहन्ना, तिमीहरूका दाजु, तिमीहरूका साथसाथै येशूमा भएका कष्ट, राज्य र सहनशीलतामा सहभागी छु। परमेश्वरको वचन र येशू ख्रीष्टको गवाहीको खातिर म पत्मोस भन्ने टापूमा थिएँ।"**

पात्मोस टापु अत्यन्त सुखा वा खास केही बोटबिरुवा नभएको र पत्थरै पत्थर भएको ठाउँ हो। यो भूमध्यसागरको एजियन समुद्रमा छ। यो टापु दश माइल वा करिब १७ किलोमिटर लामो छ र यसको फराकिलो भाग छ माइल वा करिब दस किलोमिटर छ। रोमको साम्राज्यले पात्मोस र त्यहाँको वरिपरि टापुहरूलाई राजनैतिक विद्रोहीहरूलाई सजायँ दिन वा तिनीहरूलाई देशबाट निकाला गरेर राख्न खुला कारागारको रूपमा प्रयोग गरेको थियो। सुसमाचारको निम्ति प्रतिवद्ध भएकोले येशूका चेला यूहन्नालाई रोमी सरकारले पात्मोस टापुमा जहाजबाट लगेर फ्याँकिदिएको थियो। प्रकाशको पुस्तक लेखिएको समयमा रहेका इसाई लेखकहरूले यूहन्नालाई टापुमा फ्याँकिएको हो भनेर स्वीकार गरेका छन्। रोमी सरकारको कैदी भएर बयोबृद्ध यूहन्नाले पात्मोसमा अनेकौं कष्ट भोगेका थिए। हुनसक्छ उनलाई अपराधी घोषणा गरेर सिक्रीले बाँधेको र चाहिनेमात्रामा खाना पनि उनलाई दिइएन होला। कैदीहरूलाई गर्ने व्यवहार अनुसार उनलाई रोमी सिपाहीँहरूले कोर्रा लगाएर जबरजस्ती कडा परिश्रम गर्न लाउँथे।

"अपराधीहरूलाई खतम पार्न रोमी सरकारले एजियन समुद्रमा रहेको मरुभुमि र पत्थरै पत्थर भएको टापु चुनेको थियो। तर परमेश्वरका सेवकको निम्ति यो अन्धकाररूपी टापु स्वर्गको ढोका समान हुनगएको थियो। यहाँ सहरको व्यस्त जीवनबाट टाढा रहेको यूहन्नालाई विगतको सक्रिय जीवनबाट अलग राखिएको थियो। तर परमेश्वर, येशू र स्वर्गका दूतहरू उनका निम्ति साथी भएका थिए। त्यहीँबाट नै तत्कालीन र भविष्यका चर्चहरूको निम्ति तिनीहरूबाट उनले सन्देश पाएका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स्, पृ. ५७०,५७१बाट रूपान्तरित।

यूहन्नामात्र होइन बाइबलमा धेरै पात्रहरू छन् जसले परमेश्वरलाई विश्वास गरेतापनि अनेकौं कठोर यातना भोगेका थिए। परमेश्वरप्रति निष्ठावान हुँदा विगतमा र अहिले पनि कतिले ठूलो मोल चुकाउनुपरेको थियो र चुकाइरहेकाछन्। उदाहरणमा दानिएल ३:१-२३ हेर्नुहोस् "१ राजा नबूकदनेसरले तीस मिटर अग्लो र तीन मिटर चौड़ा भएको सुनको एक मूर्ति बनाए र त्यसलाई बेबिलोनको प्रदेश स्थित दूरा नाम गरेको मैदानमा स्थापना गरे। २ त्यसपछि उनले त्यस मूर्ति अर्पण गर्नलाई प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यपाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरूलाई भेला गरे। ३ यसकारण प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यकाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरू राजा नबूकदनेसरले खड़ा गरेको त्यस मूर्तिलाई अर्पण गर्न भेला भए र त्यसको अगि उभिए। ४ तब सो कुराको घोषणा गर्नेले चर्को स्वरमा कराएर भन्यो, “हे मानिसहरू, जातिहरू र विभिन्न भाषा बोल्नेहरू, तिमीहरूलाई यो हुकुम भएको छः ५ तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाको स्वर सुन्ने बित्तिकै राजा नबूकदनेसरले स्थापना गर्नुभएको सुनका मूर्तिको अगि घोप्टो परेर तिमीहरू सबैले दण्डवत् गर्नुपर्छ। ६ घोप्टो परेर दण्डवत् नगर्ने जोसुकै पनि तुरुन्तै दन्किरहेको आगोको भट्टीमा फालिनेछ।” ७ यसैकारण नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको स्वर सुन्ने बित्तिकै विभिन्न भाषा बोल्ने जाति-जातिका मानिसहरू सबैले घोप्टो परेर नबूकदनेसर राजाले स्थापना गरेको सुनको मूर्तिलाई दण्डवत् गरे। ८ यसै बेला केही ज्योतिषीहरू अगि सरेर यहूदीहरूका विरुद्धमा अभियोग लगाए। ९ तिनीहरूले राजा नबूकदनेसरलाई भने, “महाराजा, अमर रहून्! १० हजूरले हुकुम गर्नुभएको छ, कि हरेक जसले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको स्वर सुन्छ, त्यसले घोप्टो परेर सुनको मूर्तिलाई दण्डवत् गर्नुपर्छ। ११ अनि जसले घोप्टो परेर दण्डवत् गर्दैन, उसलाई दन्किएको आगोको भट्टीमा फालिनेछ। १२ तर केही यहूदीहरू छन्, जसलाई हजूरले बेबिलोनको प्रान्तमाथि शासन गर्न नियुक्त गर्नुभयो, जसका नाउँ शद्रक, मेशक र अबेद्नगो हुन्। हे महाराजा, यिनीहरूले हजूरलाई टेर्दैनन्। यिनीहरू न त हजूरका

देवताहरूलाई पुज्छन्, न हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत्
गर्छन्।”
१३ रिसले चूर भएर नबूकदनेसरले शद्रक, मेशक र अबेद्नगोलाई
ल्याउने हुकुम गरे। यसकारण यी मानिसहरू राजाकहाँ ल्याइए, १४ र
नबूकदनेसरले तिनीहरूलाई भने, “ए शद्रक, मेशक अबेद्नगो, के यो कुरा सत्य
हो, कि तिमीहरू मेरा देवताहरूको सेवा गर्दैनौ वा मैले स्थापना गरेको सुनको
मूर्तिलाई दण्डवत् गर्दैनौ? १५ अब यदि तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा,
सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको आवाज सुन्ने
बित्तिकै मैले बनाएको मूर्तिलाई दण्डवत् गर्न तयार भयौ भने धेरै राम्रो हुनेछ।
तर यदि तिमीहरूले यसलाई दण्डवत् गरेनौ भने, तुरुन्तै दन्किरहेको आगोको
भट्टीमा तिमीहरू फालिनेछौ। तब कुन देवताले तिमीहरूलाई मेरो हातबाट
बचाउन सक्ला?” १६ शद्रक, मेशक, र अबेद्नगोले राजालाई जवाफ दिए, “हे
नबूकदनेसर, यससम्बन्धमा हजूरको अगि हाम्रो आफ्नै पक्षमा भन्नुपर्ने
आवश्यकता केही छैन। १७ हे महाराजा, यदि हामीहरू दन्किरहेको आगोको
भट्टीमा फालियौं भने, हामीले सेवा गरेका परमेश्वरले हामीलाई यसबाट बचाउन
सक्नुहुनेछ र हजूरको हातबाट छुटकारा दिनुहुनेछ। १८ तर हामीलाई उहाँले
यसो नगर्नुभए तापनि, हे महाराजा, हजूरका देवताहरूको सेवा गर्नेछैनौं न त
हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत् गर्नेछौं भनी हजूरलाई थाहा
होस् भन्ने हामी चाहन्छौं।” १९ तब शद्रक, मेशक र अबेद्नगोसित
नबूकदनेसर रिसले चूर भए, र तिनीहरूप्रति उनको धारणा बद्लियो। उनले
त्यस आगोको भट्टीलाई साधारणभन्दा सात गुणा चर्काउने हुकुम गरे, २० र
उनका सेनाको सबभन्दा बलिया सिपाहीहरूमध्ये कोहीलाई शद्रक, मेशक र
अबेद्नगोलाई बाँधेर दन्किएको आगोको भट्टीमा फ्याँकिदिन भनी आज्ञा गरे।
२१ तब यी मानिसहरू दौरा, सुरुवाल, टोपी र अन्य लुगाहरूसित बाँधिएर
दन्किरहेको आगोको भट्टीमा फ्याँकिए। २२ राजाको हुकुम यति जरूरी थियो
र आगोको भट्टी यति तातो थियो कि आगोको ज्वालाले शद्रक, मेशक र
अबेद्नगोलाई लैजाने सिपाहीहरूलाई भस्म पार्‍यो, २३ अनि यी तीन जना
मानिसहरू दह्रिलो रूपमा बाँधिएकै अवस्थामा दन्किरहेको आगोको भट्टीमा
परे।" र प्रेरित ७:५४-६० "५४ जब तिनीहरूले (स्तिफनसबाट) यी कुरा सुने
तब तिनीहरू (यहूदीहरू) क्रुद्ध भए र रिसले दाह्रा किट्न लागे। ५५ तर
तिनले चाहिँ पवित्र आत्माले भरिपूर्ण भईकन स्वर्गतिर एकटक लाएर हेरे, र

परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देखे। ५६ तिनले भने, "हेर, स्वर्ग उघ्रेको म देख्छु, र मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको म देख्तछु।" ५७ तर तिनीहरू उच्च सोरले कराई उठे, र आ-आफ्ना कान थुने, र तिनीहरू एकसाथ तिनीमाथि झम्टे। ५८ तिनीहरूले तिनलाई सहर बाहिर निकाली लगे, र तिनीमाथि ढुङ्गा बर्साए। र साक्षीहरूले आफ्ना वस्त्रहरू शाऊल नाउँ भएको एक जना युवकका खुट्टानेर राखे। ५९ जसै तिनीहरूले स्तिफनसमाथि ढुङ्गा हानिरहेका थिए, तिनले प्रार्थना गरे, "हे प्रभु येशू, मेरो आत्मालाई ग्रहण गर्नुहोस्।" ६० तिनले घुँडा टेकेर ठूलो सोरले कराएर भने, "हे प्रभु, यो पापको दोष यिनीहरूलाई नलागोस्।" यति भनेर तिनले प्राण त्याग गरे।"

यूहन्नाको जस्तो भिषण परिस्थिति वा यातना भोग्नुपर्दा येशूका कोही पनि भक्तहरू एक्लै हुँदैनन् भनेर तिनीहरूले कहिल्यै पनि विर्सनु हुँदैन। पात्मोसमा महाकष्ट भोगिरहेका यूहन्नालाई आशा, सान्त्वना र साहसका वचनहरू दिन आउनुहुने उहाँ येशू अहिले पनि उहाँका जनहरूलाई तिनीहरूको कठिन परिस्थितिमा सहयोग गर्न र सम्भाल्न तत्पर हुनुहुन्छ।

कतिपय मानिसहरू इसाईहरू नै किन नहुन् कष्ट भोगिरहेका हुन्छन्। तर येशूको निम्ति कष्ट भोग्नु र अरू कुनै कारणले कष्ट भोग्नुमा के भिन्नता छ? कितपय समयमा हामीले पाइरहेको कष्टको कारण हामीलाई थाहा नै हुँदैन। यद्यपि प्रत्येक परिस्थितिमा परमेश्वरमाथि भरोसा राख्न हामीले कसरी सिक्ने?

## २. प्रभुको दिनमा

**"प्रभुको दिन" भनेर उल्लेख गरिएको देहायका पदहरू पढ्नुहोस्। प्रभुको दिन भन्ने दिन कुन दिन हो भनेर बाइबलमा कसरी स्पष्ट पारिएको छ? पात्मोस टापुमा निर्वासित र कष्टकर जीवन बिताइरहेका यूहन्नाको निम्ति प्रभुको दिन कस्तो अर्थपूर्ण भएको होला? हेर्नुहोस्: प्रकाश १:१० "प्रभुको दिनमा म आत्मामा थिएँ, र तुरहीको जस्तो एउटा चर्को आवाज मेरो पछाडि यसो भनिरहेको मैले सुनें।", यशैया ५८:१३,१४ "१३ "तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरूले परमप्रभुमा**

**रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो भन्नुभएको छ।" र मत्ती १२:८ "मानिसको पुत्र शबाथको प्रभु हो।"**

"हप्ताको सातौं दिन शनिबार साबथ दिनमा कष्टकर निर्वासित जीवन बिताइरहेको यूहन्नालाई परमेश्वरको महिमा देखाइएको थियो। जब यूहन्नाले यहूदीयाका सहर र गाउँहरूमा प्रचार गर्दथे तब उनले साबथ दिनलाई पवित्र रूपमा पालना गर्दथे। त्यही अनुसार उनले पात्मोस टापुमा पनि साबथ दिनको दिन प्रभुको विशेष आराधना गर्दथे। त्यस दिनको निम्ति दिइएका अनेकौं अमूल्य प्रतिज्ञाहरू यूहन्नाले आफूलाई नै दिइएको हो भनेर दावी गरेका थिए।" एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स्, पृ. ५८१बाट रूपान्तरित।

हप्ताको सातौं दिन साबथमा यूहन्नाले दर्शन पाएका थिए भनेर प्रकाश १:१०ले स्पष्टरूपमा आभास् दिएको छ। हुनत उनले येशूको दोस्रो आगमन (प्रकाश १:७) जसलाई "प्रभुको दिन" पनि भनिन्छ (यशैया १३:६-१३, २ पत्रुस ३:१०) र भविष्यको घट्नाहरूको प्रतीक्षामा थिए तर आफूले पाएका भविष्यका घट्नाका दृश्यहरू साबथ अर्थात् प्रभुकै दिनमा पाएका थिए भनेर उनी ठोकुवा गर्दछन्।

अनेकौं कष्टहरूको बीचमा साबथ दिनैमै पाएका दर्शनहरू उनको निम्ति त्यो सुन्दर भविष्यको स्वाद हुन गएको थियो जब उनीमात्र होइन युगौं युगदेखि येशूको दोस्रो आगमनको निम्ति पर्खिरहेका उहाँका विश्वासी जनहरूले पनि अनुभव गर्नेछन्। यहूदीहरूको सोचमा साबथ olam haba (ओलान हाबा) अर्थात् "आउने संसार" हो।

"अनकन्टार टापुमा यूहन्नाको निम्ति अदनको बँगैचामा स्थापना भएको साबथ अत्यन्त प्रिय र बहुमूल्यको थियो।...येशूको निम्ति प्रिय साबथ त्यो एक्लो निर्वासित जीवन बिताइरहेका यूहन्नाको निम्ति कस्तो थियो होला! साबथको गरिमा त्यसबेला जस्तो कहिल्यै पनि उचालिएको थिएन। त्यसै दिनमा यूहन्नाले येशूको बारेमा कहिल्यै पनि नसिकेका कुराहरू सिकेका थिए। अति गरिमामय र उच्च सत्यलाई त्यस दिनमा बाहेक अरू दिनमा यूहन्नाले कहिल्यै पनि सुनेका थिएनन्।" एलेन जी ह्वाइट कमेन्टस्, द एसडिए बाइबल कमेन्टरी, ठेली ७, पृ. ९५५बाट रूपान्तरित।

दश आज्ञाहरूको चौथौं आज्ञा प्रस्थान २०:११ र व्यवस्था ५:१५मा तुलना गरेर हेर्नुहोस्। "८ “शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्‍वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।" (प्रस्थान २०:८-११) र "१४ तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्‍वरको निम्ति शबाथ हो। त्यसमा तिमीहरूले केही काम नगर्नू आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु, गधा कुनै पशुले सहरभित्र भएको परदेशीले पनि केही काम नगरोस्। आफ्ना कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्‍वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण परमप्रभु तिमीहरूका परमेश्‍वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो।" (व्यवस्था ५:१४-१५)। उपर्युक्त पदहरूले हप्ताको सातौं दिन सृष्टिको र उद्धारको स्मारक हो भनेर देखाइएको छ। हामीलाई परमेश्‍वरले नै सृष्टि गर्नु भएको हो र उहाँले नै मुक्ति दिनुहुन्छ भन्ने कुरालाई हामीले ख्याल राख्नुपर्छ भन्ने परमेश्‍वरको चाहना हो। प्रत्येक साबथको दिनमा जब हामी प्रवेश गर्छौं तब त्यो दिनमा परमेश्‍वर हाम्रो सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भन्ने वास्तविकतालाई कसरी अनुभव गर्न सक्छौं? यदि उहाँ सृष्टिकर्तामात्र हुनुहुन्छ तर मुक्तिदाता हुनुभएन भने त्यसको अर्थ के होला? त्यो पनि सोच्नुहोस्।

## ३. पात्मोसमा यूहन्नाले देखेका येशू ख्रीष्टको दर्शन

**प्रकाश १:१२-१८मा यूहन्नाले देखेका येशूको दर्शन पढ्नुहोस् "१२ मसँग बोल्नेलाई हेरौं भनेर म पछि फर्कें। फर्केर हेर्दा सात वटा सुनका सामदान १३ र सामदानहरूका माझमा मानिसको पुत्रजस्तै पाउसम्मै पोशाक लाउनुभएको र छातीमा सुनौला चौडा फित्ता लाउनुभएको एक जनालाई मैले देखें। १४ उहाँका शिर र केश ऊनजस्तो सेता र हिउँजस्तै सेता, र उहाँका**

**आँखा आगोका ज्वालाजस्तै थिए। १५ उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काएका काँसाजस्ता थिए, र उहाँको स्वरचाहिँ उर्लिंदो पानीहरूको आवाजजस्तै थियो। १६ उहाँको दाहिने बाहुलीले सात वटा ताराहरू पक्रिराखेको थियो, र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो। उहाँको मुहारचाहिँ पूरा तेजमा चम्केको सूर्यजस्तै थियो। १७ जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें। तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो, "नडराऊ, आदि र अन्त्य १८ र जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्।"वन यूहन्नाले मात्र होइन येशूको दिब्य वा अलौकिक रूप दानिएलले पनि देखेका थिए। हेर्नुहोस दानिएल १०:५,६ "५ मैले माथि हेरें र मेरो अगि कम्मरमा अति राम्रो सुनको पेटी बाँधी सूतीको लुगा लगाएका एक जना मानिसलाई देखें। ६ तिनको शरीर पीतमणिजस्तै चहकिलो थियो, तिनको अनुहार बिजुलीझैं चम्कन्थ्यो, तिनका आँखा राँकोझैं बलिरहेका थिए। तिनका हात र खुट्टाहरू टल्काइएको काँसोजस्तै र तिनको स्वर ठूलो भीड़को स्वरझैं थिए।"**

सामदानहरूको बीचमा मूल पुरोहितको पोशाक लगाएर येशू हिँडिरहनुभएको दृश्य यूहन्नाले आफ्नो दर्शनमा देख्दछन्।

पौराणिक इस्राएलमा इस्राएलीहरूको बीचमा परमेश्वर हिँड्नुहुनेछ (लेबी २६:१२ "म तिमीहरूका बीचमा हिँड़डुल गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु, अनि तिमीहरूचाहिँ मेरा प्रजा हुनेछौ") भनेर प्रतिज्ञा गर्नुभएको थियो। जब यूहन्नाले आफ्नो दर्शनमा येशू सामदानहरूको बीचमा हिँडिरहनुभएको देखे तब त्यसले उक्त प्रतिज्ञालाई औंल्याएको थियो। प्रकाशको पुस्तकमा सातवटा सामदानहरूको अर्थ एशियाका सातवटा चर्चहरू हुन् भनेर जनाउँछ। सुरूमा यस पुस्तकमा लेखिएका सन्देशहरू ती चर्चहरूमा पठाउनको निम्ति लेखिएका थिए। केवल तत्कालीन इतिहासको चर्चमात्र नभएर इतिहासभरिका चर्चहरू सामदानको प्रतीकको रूपमा लिइएको छ। पवित्र आत्माको सहायताले यस पृथ्वीमा भएको उहाँको चर्चलाई येशू ख्रीष्टले निरन्तररूपमा हेरचाहा गर्नुहुन्छ। जबसम्म तिनीहरूलाई अनन्तको राज्यमा उहाँले ल्याउनुहुन्न तबसम्म उहाँले आफ्ना जनहरूको हेरचाहा गरि नै रहनुहुन्छ।

अझ भन्ने हो भने येशूलाई सामदानहरूको बीचमा मूल पुजारीको रूपमा गरिएको चित्रण यरुशलेमको मन्दिरमा गरिने बिधिबाट लिइएको थियो। त्यसबेला पवित्र स्थानमा रहेको सामदानमा दिनदिनै निरन्तररूपमा बत्ती बलिरहोस् भनेर तेल हाल्न एक जना पुजारी नियुक्त गरिएको हुन्थ्यो। मन्दिरभित्रको पवित्र स्थानमा रहेका दियोहरू दिनदिनै चम्किलो पाराले बलिरहोस् भनी हेर्ने काम त्यस पुजारीको थियो। दियोको जलेर खरानी भएको धागो काट्ने र यदि सबै जल्यो भने नयाँ धागो राख्ने, दियोमा नयाँ तेल हालेर बालिरहने काम त्यो पुजारीको थियो। सामदानमा रहेका सातवटा दियोहरूको प्रत्येक दियोको अवस्थाप्रति पुजारी परिचित थियो। त्यस्तै गरेर येशूलाई पनि उहाँका जनहरूको प्रत्येकको आवश्यकता र अवस्था उहाँलाई थाहा छ र तिनीहरूको निम्ति उहाँले व्यक्तिगत रूपमा पहल गर्नुहुन्छ।

उहाँलाई "थाहा छ" भन्ने वाक्यले परमेश्वरका जनहरूको परिस्थिति र आवश्यकताप्रति येशू परिचित हुनुभएको छ भनेर देहायका पदहरूले कसरी देखाउँछ? हेर्नुहोस्, प्रकाश २:२,९,१३,१९ "२ तिम्रा कामहरू, तिम्रो परिश्रम र सहनशीलता मलाई थाहा छ, र तिमीले खराब मानिसहरूलाई सहन सक्दैनौ तर तिनीहरू जसले प्रेरित हुँ त भन्दछन्, तर वास्तवमा होइनन्, त्यस्तालाई जाँचेर झूटा भेटाएका छौ भनी म जान्दछु।... ९ म तिम्रा कष्टहरू र तिम्रो दरिद्रतालाई जान्दछु। तर तिमी त धनी नै छौ। म तिनीहरूलाई चिन्दछु, जसले आफूलाई यहूदी हौं त भन्छन्, तर वास्तवमा तिनीहरू होइनन्। तिनीहरूले गरेका निन्दा म जान्दछु। तिनीहरू शैतानको सभाघर हुन्।..१३ मलाई थाहा छ, तिमी कहाँ बस्छौ, त्यहीं जहाँ शैतानको सिंहासन छ। तरै पनि तिमीहरू मेरो नाउँमा स्थिर बस्छौ। मेरो विश्वासयोग्य साक्षी एन्टिपासको समयमा पनि ममाथिको आफ्नो विश्वास तिमीहरूले त्यागेनौ। शैतान बस्ने ठाउँमा तिमीहरूकै माझमा तिनी मारिए।...१९ तिम्रा काम, तिम्रो प्रेम, तिम्रो विश्वास, तिम्रो सेवा र तिम्रो धैर्यपूर्ण सहनशीलता मलाई थाहा छ। तिम्रा पछिल्ला काम अघिल्लाभन्दा बढ़ी छन्। प्रकाश २:१९।" र प्रकाश ३:१,८,१५ "१ अनि सार्डिसका मण्डलीका दूतलाई यो लेखः यी कुरा परमेश्वरका सात आत्मा र सात तारा हुनेले भन्दछ। तिम्रा काम मलाई थाहा छ। तिमी जीवित छौ भन्ने नाउँ त छ, तर तिमीहरू मरेका छौ।...८ मलाई तिम्रा कामहरू थाहा छ। हेर, मैले तिम्रा सामुन्ने ढोका खुला राखिदिएको छु, जो कसैले थुन्न सक्दैन। तिमीसँग थोरै शक्ति छ भन्ने मलाई थाहा छ, तापनि

तिमीले मेरो वचन पालन गरेका छौ, र मेरो नाउँ इन्कार गरेका छैनौ।...१५ मलाई तिम्रा कामहरू थाहा छ। तिमी चिसो पनि छैनौ, तातो पनि छैनौ, चिसो कि तातो भए त हुनेथियो।"

परमेश्वरकै नाउँहरूद्वारा येशूले आफूलाई परिचय गर्नुभएको थियो। आफू "आदि र अन्त" भन्नु भएको थियो (यशैया ४४:६ "इस्राएलका महाराजा र उद्धारक र सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः पहिलो र पछिल्लो म नै हुँ। मबाहेक अरू परमेश्वर छैन।" र यशैया ४८:१२ "१२ "हे याकूब, हे मैले बोलाएको इस्राएल, मेरो कुरा सुन्ः म त्यही हुँ। म आदि हुँ, र म अन्त हुँ")। ग्रीक भाषामा "अन्त" eschatos (इस्काटोज) हो। त्यसबाट युगको अन्तको बारेमा अध्ययन गर्ने बिषयबस्तुको शब्द eschatology (इस्काटोलोजी) आएको हो। त्यसको अर्थ युगको अन्तको मूल केन्द्र येशू हुनुहुन्छ र उहाँले नै अन्तको घट्नाहरूको अन्तिम शब्द उच्चारण गर्नुहुन्छ। उहाँ "जीवित हुनुहुन्छ" र उहाँसँग "मृत्यु र पातालको" साँचो छ (प्रकाश १:१८ "१८ र जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्")। उहाँको मृत्यु र पुनरुत्थानले मृत्युका ढोकाहरू खोल्ने अधिकार उहाँलाई सुम्पिएको छ (अय्यूब १७:१६ "के यो मृत्युको ढोकामा जान्छ? के हामी सँगै धूलोमा मर्नेछौं?" र भजन ९:१३ "१३ हे परमप्रभु, ममाथि अनुग्रह गर्नुहोस्। हेर्नुहोस्, मलाई घृणा गर्नेहरूबाट मैले कस्तो कष्ट भोग्नुपरेको छ। तपाईंले नै मलाई मृत्युको मुखबाट छुटाउनुहोस्")। जसजसले उहाँमाथि भरोसा राख्दछ वा उहाँलाई विश्वास गर्दछ त्यसलाई चिहान वा मरेर खरानी भएकाहरूलाई अनन्त जीवनको निम्ति बौरि उठ्नेछन् (१ कोरन्थी १५:२०-२३ "२० वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ। २१ किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि मानिसबाट नै आयो। २२ किनकि जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्। २३ तर हरेक आ-आफ्नै क्रमअनुसार– ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू")। येशूप्रति निष्ठावान भएर चलेकाहरूले कुनै डर मान्नु आवश्यक छैन किनभने मरेकाहरू पनि उहाँकै हेरचाहमा छन्। यदि मरेकाहरूको निम्ति त उहाँ त्यस्तो हुनुहुन्छ भने जीउँदाहरूको निम्ति उहाँ झन कस्तो होला? (१ थेस्सोलिनिकी ४:१६-१८ "१६ किनकि प्रभु स्वयम्

हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ")।

## ४. यूहन्नाको समयमा र बर्तमान समयमा रहेका येशूभक्तहरूको निम्ति सन्देश

**येशूले यूहन्नामार्फत सातवटा स्पष्ट र सान्दर्भिक सन्देशहरू एशियमा रहेका चर्चहरूलाई दिनुभएको थियो। जुन प्रान्तका चर्चहरूलाई सम्बोधन गरेर सन्देश दिइएको थियो त्यहाँ सातवटा भन्दा बढी चर्चहरू थिए। यद्यपि सातवटा चर्चहरूलाई भनेर सम्बोधन गरिएको परिप्रेक्ष्यमा साधारणतया इसाईहरूको निम्ति ती सन्देशहरू किन अर्थपूर्ण मान्नुपर्छ? हेर्नुहोस् येशूले दिनुभएको स्पष्ट सन्देश, प्रकाश १:११ "११ "तिमी जे देख्तछौ, सो एउटा पुस्तकमा लेख, र सातै वटा मण्डलीलाई पठाऊ, अर्थात् एफिसस, स्मुर्ना, पर्गामम, थिआटीरा, सार्डिस, फिलाडेल्फिया र लाउडिकियालाई।...१९ यसकारण तिमीले जे देख्छौ, र जे छ र यसपछि जे हुन आउनेछ, लेख।...२० मेरो दाहिने हातमा तिमीले देखेका यी सात तारा र सुनका यी सात सामदानको रहस्य यो हो: सात तारा सात मण्डलीका स्वर्गदूतहरू र सात वटा सामदानचाहिँ सात मण्डलीहरू हुन्।"**

जुन सन्देशहरू येशूले यूहन्नालाई लेख र सातवटा चर्चहरूकहाँ पठाऊ भनेर अऱ्हाउनुभएको थियो ती सन्देशहरू प्रकाश २ र ३ अध्यायमा पाउँछौं। तिनीहरूको अर्थ तीन तहमा बुझ्न र प्रयोग गर्न सकिन्छ:

ऐतिहासिक प्रयोगः प्रथम शताब्दीको अत्यन्त समृध्दि वा फस्टाएको एशियाका सहरहरूमा रहेका सातवटा चर्चहरूलाई सुरुमा सम्बोधन गरेर ती सन्देशहरू पठाइएका थिए। त्यहाँका येशूभक्तहरूले अत्यन्त गम्भीर चुनौतिहरू सामना गरेका थिए। त्यस प्रान्तमा रहेका धेरै सहरहरूमा सम्राट्को मूर्तिलाई पूजा गर्न त्यस प्रान्तमा भएका मन्दिरहरूमा स्थापना गरेका थिए। सम्राट्को मूर्तिलाई पूजा गर्नुको अर्थ त्यहाँका मानिसहरू रोमी साम्राज्यप्रति आफूहरू बफादारी भएको देखाउँथ्यो। सम्राट्को मूर्तिलाई ढोग्न मानिसहरूलाई जबरजस्ती गरिन्थ्यो। प्रत्येक जनताले राजाको प्रतिमालाई पूजा गर्नैपर्छ भन्ने कानुनी आदेश थियो। त्यतिमात्र नभएर रोमको देवीदेवताहरूको नाउँमा मनाउने अनेकौं धार्मिक चाड र सार्वजनिक समारोहहरूमा सबै नागरिकहरूले

भाग लिनैपर्ने भएको थियो। येशूलाई विश्वास गर्नेहरूले ती धार्मिक समारोहहरूमा भाग नलिँदा तिनीहरूले अनेकौं सतावट र मृत्युको पनि सामना गर्नुपरेको थियो। ती चुनौतिहरूको सामना गर्न येशूले यूहन्नामार्फत आफ्नो व्यक्तिगत सन्देशहरू पठाउनुभएको थियो।

**भविष्यवाणीमा प्रयोगः** प्रकाशको पुस्तक आफै पनि भविष्यवाणीको पुस्तक भएकोले केवल सातवटा चर्चहरूलाईमात्र चुनेर सम्बोधन गरेर लेखिएको परिवेशमा ती सन्देशहरूले भविष्यवाणीका चित्रणहरूलाई औंल्याउँछ भन्न उपयुक्त छ। जुन आत्मिक अवस्था ती सातवटा चर्चहरूमा थिए त्यही अवस्थाले विभिन्न ऐतिहासिक कालमा रहेका परमेश्वरको चर्चको अवस्थालाई जनाउँछ। कुन नियतले ती सन्देशहरू लेखिएर ती चर्चहरूलाई पठाएका थिए सो बुझ्नु जरुरी छ। त्यसमा प्रथम् शताब्दीदेखि युगको अन्त्यसम्म भएका इसाई आस्थाको आत्मिक अवस्थाको बिरात दृश्यलाई परमेश्वरले आफ्नै दृष्टिकोणले हेर्नुभएको देखाइएको छ।

**जगतव्यापी प्रयोगः** यथार्थमा भन्ने हो भने प्रकाशको पुस्तकको सम्पूर्ण पुस्तक नै चिठीको रूपमा प्रत्येक चर्चमा पढ्न पठाइएको थियो (प्रकाश १:११,२२:१६)। त्यसकारण सातवटा चर्चहरूलाई सम्बोधन गरेर लेखिएका विशेष सन्देशहरू प्रत्येक युगमा रहेका प्रत्येक इसाईलाई लागुहुने पाठ समावेश भएको पाइन्छ। त्यसको अर्थ विभिन्न स्थान र समयमा रहेका विभिन्न खालका इसाईहरूको चरित्रलाई उघारिएको पाउँछौं। सातवटा पत्रहरूले सातै खालका चर्च वा इसाईहरूको चरित्रलाई उघारेर लेखिएको हुनाले वर्तमान समयमा लाओडेकियाको चर्चलाई चित्रण गरेको पाउँछौं। तर सबै चर्चको अवस्था लाओडेकियाको जस्तै छ भन्न सकिन्दैन। कुनै अरू चर्चहरूमा ती सातवटा चर्चका विशेषताहरू पनि देखिन सक्छ। तर हामीहरूको निम्ति असल खबर त यो छ कि हामीहरूको आत्मिक अवस्था जस्तो भएतापनि "हामी पतित मानिसहरू जहाँ भएतापनि परमेश्वरले हामीलाई भेट्नुहुन्छ"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक १, पृ. २२बाट रूपान्तरित।

**यो सोच्नुहोस्ः तपाईंको प्रान्तमा रहेका सातवटा चर्चहरूले चुनौति र आत्मिक अवस्था सामना गरिरहको अवस्थामा येशूले पत्रहरू लेख्नुभयो रे? येशूले ती पत्रहरूमा के लेख्नुहुन्थ्यो होला?**

## ५. एफिससमा रहेको चर्चलाई लेखिएको पत्र

एशिया महादेशमा रहेको सहर एफिसस रोमले कब्जा गरेको प्रान्तको राजधानी थियो। एफिसस त्यस प्रान्तको सबभन्दा ठूलो सहर थियो। एफिसस ब्यापारको निम्ति आवत जावत गर्ने मुख्य केन्द्र थियो। यो एशियाको मुख्य बन्दरगाह थियो। त्यसैले गर्दा ब्यापार र धार्मिक दृष्टिकोणले यो सहर अत्यन्त महत्त्वपूर्ण थियो। त्यो सहरमा धेरै उल्लेखनीय सार्वजनिक भवनहरू थिए। तिनीहरूमा विभिन्न देवीदेवताहरूका मन्दिरहरू, नाट्यशालाहरू, खेलखेलाउने जिम्नेसियमहरू, सार्वजनिकरूपमा नुहाउने ठाउँहरू र वेश्यालयहरू थिए। अनेकौं जादु, चमत्कार र कलाहरूको थलो भएको सहर भनेर प्रख्यात थियो। अनेकौं अन्धविश्वास र अनैतिक क्रियाकलापले पनि एफिससको नाउँ कुख्यात थियो। इसाई आदर्शको प्रतिकूल वातावरण भएको एफिसस प्रान्तमा अत्यन्त उल्लेखनीय र प्रभावकारी इसाई चर्चको पनि उदय भएको थियो।

प्रकाश २:१-४मा एफिससचर्चमा आफूलाई येशूले कसरी प्रस्तुत गर्नुभएको थियो सो उल्लेख गरिएको छ। त्यस चर्चका विश्वासीहरूमा भएका धेरै महान् गुणहरूको पनि येशूले सऱ्हाहना गर्नुभएको थियो। तर त्यस चर्चप्रति येशूले चिन्तापनि व्यक्त गर्नुभएको थियो। हेर्नुहोस्ः "१ एफिससका मण्डलीका दूतलाई यो लेखः यी कुरा सात वटा तारा आफ्नो दाहिने हातमा लिने र सात वटा सुनका सामदानका बीचमा हिंड्नेले भन्दछ। २ तिम्रा कामहरू, तिम्रो परिश्रम र सहनशीलता मलाई थाहा छ, र तिमीले खराब मानिसहरूलाई सहन सक्दैनौ तर तिनीहरू जसले प्रेरित हुँ त भन्दछन्, तर वास्तवमा होइनन्, त्यस्तालाई जाँचेर झूटा भेटाएका छौ भनी म जान्दछु। ३ म जान्दछु, तिमीहरूले धैर्यपूर्वक सहेका छौ, र मेरो नाउँको खातिर कष्ट भोगेका छौ। अनि तिमीहरू थकित भएका छैनौ। ४ तर तिम्रा विरुद्धमा मसित यो कुरा छ, कि तिमीले तिम्रो पहिलो प्रेम त्यागिदिएका छौ।"

परमेश्वरप्रति अत्यन्त निष्ठावान र प्रेमले ओतप्रोत भएको एफिसस चर्च भनेर सुरुका दिनहरूमा प्रसिद्ध थियो (पावलले पनि अत्यन्त सराहना गरेका थिए "१५ प्रभु येशूप्रति रहेको तिमीहरूको विश्वास र सबै सन्तहरूप्रति तिमीहरूका प्रेमको विषयमा मैले सुनेको कारणले नै, १६ मेरो प्रार्थनामा तिमीहरूलाई सम्झना गर्दै तिमीहरूका निम्ति धन्यवाद दिन म थामिन्नँ।" एफिसी १:१५-१६)। चर्चको भित्रैबाट पनि र बाहिरबाट जुनसुकै दवावको सामना गर्नुपरेतापनि एफिससको चर्चका विश्वासीहरू निष्ठावान र अटल भएर

बसेका थिए। तिनीहरू अत्यन्त परिश्रम गर्दथे र सत्य वचन पालन गरेर अडिग भएर बसेका थिए। तिनीहरूको बीचमा चर्चलाई भड्काउने, आफ्नो भाऊ जोज्ने र अनेकौं गलत शिक्षालाई उक्साउने इसाई हुँ भनेर दावी गर्ने धर्मगुरुहरूलाई तिनीहरूको माझमा हुलिएका थिएनन्। तर दुर्भाग्यवास समय बित्दै जाँदा तिनीहरूमा भएका ख्रीष्टप्रतिको अगाध प्रेम र चर्चका सहविश्वासीहरूलाई देखाउनुपर्ने माया सेलाउँदै जान थालेको थियो। त्यस चर्चका विश्वासीहरू आफ्नो विश्वासमा दरिलो र निष्ठावान भएर आफूहरूलाई प्रस्तुत गरेतापनि तिनीहरूमा हुनुपर्ने येशू ख्रीष्टप्रतिको प्रेम सेलाउँदै जाँदा तिनीहरूको बत्ति निभ्ने खतरामा थियो।

प्रकाश २:५-७मा त्यस चर्चमा येशूप्रतिको प्रथम् प्रेम र उहाँप्रतिको भक्तिभावना र आफ्ना सह विश्वासीहरूलाई देखाउनुपर्ने माया जगाउन तीनवटा कुराहरू गर्न येशूले आफ्नो तीब्र चाहना व्यक्त गर्नुभएको थियो। ती तिन कुराहरू कसरी एक आपसमा क्रमवद्धरूपमा कसिएका छन् भनेर सोच्नुहोस्। हेर्नुहोस् "५ यसकारण कहाँबाट तिमी खसेका छौ, सो सम्झ, र पश्चात्ताप गर, अनि तिमीले पहिले गरेका काम गर, नत्रता म तिमीकहाँ आएर, तिमीले पश्चात्ताप गरेनौ भने, तिम्रो सामदान त्यसको ठाउँबाट हटाउनेछु। ६ तर तिमीहरूमा यो कुरा त छ, कि तिमीहरूले मैले जस्तै निकोलाइटसहरूका काम घृणा गर्छौं। ७ जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ त्यसलाई परमेश्वरको स्वर्गलोकमा भएको जीवनको रूखबाट खान दिनेछु।" (प्रकाश २:५-७)।

भविष्यवाणीकै आँखाले एफिसस चर्चको अवस्थालाई हेर्ने हो भनेर सन् ३१-१००सम्मका चर्चहरूको आत्मिक र साधारण अवस्थालाई जनाउँछ। येशूका चेलाहरूले स्थापना गरेका चर्चहरूमा सुसमाचारप्रति प्रेम र निष्ठाले भरिएका थिए भनेर चित्रण गरिएको थियो। तर समय बित्दै जाँदा प्रथम् शताब्दीको अन्त्यतिर चर्चका विश्वासीहरूमा भएका सुसमाचार र प्रेमको आगोको ताप सेलाउँदै गएको थियो। त्यसको साथै विश्वासीहरूमा हुनुपर्ने सुसमाचारको सरलता र शुद्धताको पकड अनेकौं गलत र भारी शिक्षादीक्षाले गर्दा हल्लिँदै गएको थियो।

**एक फेरा सुसमाचारको जोशले भरिएको तपाईं त्यस्तो चर्चमा पर्नुभयो जहाँ प्रेम सेलाउँदै गएको र मानिसहरू चिसो हुँदै गएको पाउनुभयो। चर्चका सदस्यहरू धर्मको नाउँमा चर्चमा आइरहेको तपाईंले देख्नुहोला। तिनीहरूले कुनै**

**पाप जानाजानी वा खुला रूपले नगरेका होलान्। तिनीहरूले जे गरिरहेका थिए सो ठिकै गरिरहेका थिए भनेर एकतर्फी तपाईंले सोच्नुहोला। तर तिनीहरू केवल औपचारिकता पूरा गर्न मात्र चर्च आएका होलान्। कोही नयाँ मानिस चर्चमा आयो भने तिनीहरूलाई दिनुपर्ने न्यानो सत्कार पनि बरफ जस्तो चिसो भएको होला वा चर्चमा जो आओस् त्यसलाई वेवास्ता गर्ने प्रवृत्तिले त्यो चर्च ग्रस्त भइरहेको होला। यस्तो अवस्थाबाट चर्चका विश्वासीहरूलाई स्वतन्त्र बनाउन एफिसी चर्चलाई येशूले दिनुभएको सल्लाह किन जरुरत पर्छ?**

**उपसंहारः**

एलेन जी ह्वाइटद्वारा लिखित द आक्टस् अभ आपोस्टल्सको पृ. ५६८-५७७को अध्याय "पात्मोस" पढ्नुहोस्।

"यूहन्नाले पाएको सतावट उनको निम्ति अनुग्रहको प्रयोगशाला हुन गएको थियो। अनकन्टार पात्मोस टापु यूहन्नाको निम्ति जीवित मुक्तिदाताको महिमाले उज्ज्वल भएको थियो। जब येशू यस संसारमा हुँदा उहाँलाई हात र पाऊमा किला ठोकेर क्रुसमा टाँगिएको यूहन्नाले देखेका थिए। त्यो पीडाको दाग अनन्त कालसम्म येशूमा रहिरन्छ। अब फेरिपनि पुनरुत्थान हुनुभएको प्रभुलाई यूहन्नाले हेर्ने अवसर पाएका थिए। महिमित चम्किलो वस्त्र पहिरहनुभएको येशूलाई यूहन्नाले सकेसम्म हेर्नपाएका थिए र जीवितै रहेका थिए।

"जुन प्रकारले यूहन्नाको सामु येशू देखा पर्नुभयो त्यसले येशूलाई विश्वास गर्ने र नगर्ने दुवैको निम्ति उहाँको पुनरुत्थानको प्रमाण भएको मान्नुपर्छ। यसले चर्चलाई जीवित शक्ति दिनुपर्दछ र यसलाई जोशिलो बनाउनुपर्दछ। कतिपय समयमा परमेश्वरका जनहरूको वरिपरि अन्धकार बादलले छोपेको हुन्छ। तिनीहरूमाथि गरेको दमन, अत्याचार र सतावटले तिनीहरूको आत्मिक जीवनको ज्योति निभेको जस्तो अनुभव हुनसक्छ। त्यसैबेला तिनीहरूको निम्ति अत्यन्त उपदेशात्मक पाठहरू दिइएका हुन्छन्। झ्यालखानाका कोठाहरूमा येशू बराबर पस्नुहुन्छ र आफूले चुनिएकाहरूलाई प्रकट गर्नुहुन्छ। जसरी अन्धकार राती ताराहरू पिलपिल गरेर चम्किन्छन् त्यसरी नै अत्यन्त अन्धकार र उदासी भएर कष्ट पाइरहेका आफ्ना जनहरूको बीचमा परमेश्वरको महिमा अत्यन्त चहकिलो भएर चम्किरहेको हुन्छ। जति आकाश अन्धकारले छाइरहेको हुन्छ त्यति पुनरुत्थान हुनुभएको मुक्तिदाताको

धार्मिकताको सूर्यको किरण स्पष्ट र प्रभावकारी रूपमा विश्वासीहरूको हृदयमा चम्किरहेको हुन्छ।"-एलेन जी ह्वाइट, द युथस् इनस्ट्रकटर, अप्रिल ५,१९००बाट रूपान्तरित।

**चिन्तनमननः**

पात्मोसमा जे देखे र सुने सो यूहन्नाले आफ्ना पाठकहरूलाई बाँड्दछन्। जब तपाईंले प्रकाश १:९-२०सम्म पढ्नुहुन्छ तपाईंले के देख्नुहुन्छ र सुन्नुहुन्छ? त्यहाँ उल्लेख गरिएका विवरणले तपाईं कस्तो खालको सान्त्वना पाउनुहुन्छ? हेर्नुहोस् फेरि "९ म यूहन्ना, तिमीहरूका दाजु, तिमीहरूका साथसाथै येशूमा भएका कष्ट, राज्य र सहनशीलतामा सहभागी छु। परमेश्वरको वचन र येशू ख्रीष्टको गवाहीको खातिर म पत्मोस भन्ने टापूमा थिएँ। १० प्रभुको दिनमा म आत्मामा थिएँ, र तुरहीको जस्तो एउटा चर्को आवाज मेरो पछाडि यसो भनिरहेको मैले सुनें, ११ "तिमी जे देख्तछौ, सो एउटा पुस्तकमा लेख, र सातै वटा मण्डलीलाई पठाऊ, अर्थात् एफिसस, स्मुर्ना, पर्गामम, थिआटीरा, सार्डिस, फिलाडेल्फिया र लाउडिकियालाई।" १२ मसँग बोल्नेलाई हेरौं भनेर म पछि फर्के। फर्केर हेर्दा सात वटा सुनका सामदान १३ र सामदानहरूका माझमा मानिसको पुत्रजस्तै पाउसम्मै पोशाक लाउनुभएको र छातीमा सुनौला चौडा फित्ता लाउनुभएको एक जनालाई मैले देखें। १४ उहाँका शिर र केश ऊनजस्तो सेता र हिउँजस्तै सेता, र उहाँका आँखा आगोका ज्वालाजस्तै थिए। १५ उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काएका काँसाजस्ता थिए, र उहाँको सोरचाहिँ उर्लिंदो पानीहरूको आवाजजस्तै थियो। १६ उहाँको दाहिने बाहुलीले सात वटा ताराहरू पक्रिराखेको थियो, र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो। उहाँको मुहारचाहिँ पूरा तेजमा चम्केको सूर्यजस्तै थियो। १७ जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें। तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो, "नडराऊ, आदि र अन्त्य १८ र जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्। १९ यसकारण तिमीले जे देख्छौ, र जे छ र यसपछि जे हुन आउनेछ, लेख। २० मेरो दाहिने हातमा तिमीले देखेका यी सात तारा र सुनका यी सात सामदानको रहस्य यो होः सात तारा सात मण्डलीका स्वर्गदूतहरू र सात वटा सामदानचाहिँ सात मण्डलीहरू हुन्।"

युगको अन्तमा रहेका मानव जातिले "स्वर्ग र पृथ्वी, समुद्र र पानीका मुहानहरू सृजनुहुने सनातन परमेश्‍वरको आराधना गरे" भनेर यूहन्ना १४:७को प्रथम् स्वर्गदूतको सन्देशले आग्रह गर्दछ। यो लवज प्रस्थान २०:११बाट लिइएको हो। प्रकाशको पुस्तकमा नै प्रथम् स्वर्गदूतले गरेको सम्बोधनमा साबथको महत्त्वलाई कसरी चम्काइ दिएको छ?

**एउटा अचम्मको तीतो सत्य छ जुन इसाईहरूले सामना गरिरहेका हुन्छन्। जतिजति तिनीहरू चर्चमा नियमितरूपमा आइरहन्छन् त्यतित्यति तिनीहरूको विश्‍वास सेलाउँदै गरेको पाइन्छ। तर चर्चमा आउँदा विश्‍वासीहरू विश्‍वासमा झन जोशिलो र चम्किनु पो पर्दथ्यो। किनभने जति धेरै येशूसँग हामी हिँड्दछौँ त्यत्ति धेरै उहाँको बारेमा सिक्नसक्छौँ र उहाँको प्रेमलाई हामी बुझ्न सक्ने हुन्छौँ। विश्‍वासको आगो वा बत्ती केवल पिलपिलमात्र नबलेर अझ झन कसरी चहकिलो, चहिकिलो पारेर हामीले कसरी बालिराख्ने**

## कथा २

## "आमा, जानुहोस्" लेताबो मसियनिन, ८, बोत्स्वाना

बोत्स्वानाको फ्रान्सिसटाउनमा रहेको सेभेन्थे डे एडभेन्टिस्ट स्कूलमा आठ वर्षको छोरालाई पढ्न पठाउँदा एउटा घरमा भारी परिवर्तन भइरहेको थियो।

खाना खानुभन्दा पहिले प्रार्थना गर्न आफ्ना आमाबाबुहरूलाई तिनीहरूको छोरो लेताबोले अहिले कर गर्छ। बिहान उठ्नुभन्दा अघि र राती सुत्नुभन्दा अघि प्रार्थना गर्न तिनीहरूलाई अह्राउँछ। सावथमा चर्च आउन उसले आफ्नो आमालाई कर पनि गर्दछ।

छोराको यो चाला देखेर सुरूमा आमा अत्यन्त छक्क पारेकी थिइन्। लेताबोको आमाको नाउँ खोमोलिमो हो। उनी इसाई घरमा हुर्केकी थिइनन्। तर छोरोले परमेश्वरतिर आफ्नो ध्यान दिन अनुरोध गर्दा उनी अत्यन्त हर्षित भएकी थिइन्।

एक दिन इस्टर्न गेट प्राइमरी स्कूलमा भइरहेको साबथ आराधना सभामा उनले यी लेखकलाई भनिन् "मेरा छोराछोरीहरू र मलाई यस ठाउँमा ल्याउन दिनुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन चाहन्छु।" त्यस स्कूलमा उनको छोरो तिन कक्षामा पढ्दछ। उनकी सानी छोरी उनको घरको सडकको छेऊमा भएको चर्चको पूर्वप्राथमिक स्कूल प्लेस अभ लभमा जान्छिन्। तर आमाले चाहीँ चर्च जान कसरी सुरु गरिन् त?

फ्रान्सिसटाउन बोत्स्वाना देशको सबभन्दा ठूलो दोस्रो सहर हो। त्यहाँ ९०,००० मानिसहरू बसोबास गर्दछन्। त्यस सहरमा एउटा घर छ जहाँ व्यक्तिगतरुपमा स्कूल चलिरहेको छ। त्यस स्कूलमा लेताबोले तिन कक्षासम्म पढ्यो। तिन वर्षपछि तिनकी आमाले आफ्नो छोरो पढ्न र हिसाबमा कमजोर भएको महसूस गरिन्। त्यसरी चिन्तित भएकी आमाले लेताबोलाई एडभेन्टिस्ट चर्चले संचालन गरेको इस्टर्न गेट प्राइमरी स्कूलमा पठाउने निर्णय गरिन्। आफ्नी साथीले पनि उनकी छोरीलाई त्यही स्कूलमा पठाउने कुरा गरेकी लेताबोकी आमाले सुनेकी थिइन्। पढ्न लेख्ने र हिसाबमामात्र होइन परमेश्वरको बारेमा पनि आफ्नो छोरोले ज्ञान पाओस् भनी लेताबोको आमाले सोचेकी थिइन्।"

"म इसाई परिवारमा हुर्केकी होइन, तर मेरा छोराछोरीहरूलाई इसाई परिवारमा हुर्काउन चाहेकी थिएँ। यस संसरामा धेरै घट्नाहरू भइरहेका छन्। नराम्रो वातावरणले मेरा छोराछोरीहरूमा प्रभाव नपारोस् भन्ने म चाहन्छु त्यसकारण हामीलाई परमेश्वरको बारेमा ज्ञान हुनु जरुरी छ" उनले भरिन्।

पढ्न र लेख्नमा कमजोर भएकोले उक्त एडभेन्टिस्ट स्कूलमा लेताबोलाई फेरि तिन कक्षा दोहोऱ्याउन अनुरोध गरिएको थियो। तर केही महिनाभित्रै आफ्नो छोरोले उसको पढाइमा धेरै राम्रो गरेको उनले महसुस गरेकी थिइन्।

"अब मेरो छोराले एक्लै जे पनि गर्न सक्छ। उसले राम्रोसँग पढ्न सक्छ। ऊ तिन कक्षाको हिसाबमा नाइके नै भएको छ। उसको मनपर्ने विषयहरू हिसाब र बाइबल हो" आनन्द व्यक्त गर्दै उनले भनिन्।

लेताबोलाई बाइबल असाध्यै मन पर्छ। जब उसले स्कूलमा येशूको बारेमा सुन्छ तब उसको आँखामा आँसु झर्छ। "मेरो बाबु परमेश्वरको नजिक छ। प्रत्येक बिहान, बेलुका र खाना खाने समय भन्दा अघि हामी प्रार्थना गर्दछौं। प्रत्येक साबथ ऊ र उसकी बहिनी चर्चमा जान्छन्। कहिलेकाहीँ जब तिनीहरूलाई चर्चमा पुऱ्याएर म घर फर्किन्थें तब उसले मलाई भन्दथ्यो 'तपाईं पनि चर्च आउनुपर्छ भनेर के तपाईंलाई थाहा छैन?'" लाज माने जस्तो गरेर खोमोलिमोले भरिन्।

सुरु-सुरुमा आफ्नो आमा चर्चमा नआएकोले आफ्नो आमाको निम्ति लेताबोले प्रार्थना गर्न थाल्यो। चार महिनासम्म उसकी आमालाई बिहान उठ्ने बेलाम वाकवाक लाग्दथ्यो। एक दिन उसले आमालाई भन्यो, "आमा तपाईं चर्चमा जानुपर्छ। हाम्रो पास्टरले तपाईंको निम्ति प्रार्थना गर्नुहुन्छ र तपाईं निको हुनुहुनेछ।" "उसको यी शब्दहरूले मेरो मान छोएको थियो" उसकी आमाले भनिन्। आखिरमा उनी चर्च जान राजी भइन्। जब एक साबथ उनलाई सञ्चो लागिरहेको थिएन तब चर्चको एकजना कर्मचारी उनका छोराछोरीहरूलाई चर्चमा लान लिन आए। चर्च जानुभन्दा अघि आफ्नी आमालाई मायालु आँखाले लेताबोले हेर्दै भने "आमा, के तपाईंलाई हामीसँग आउन मन लाग्दैन् ? तपाईं घरमा एक्लै किन बसिरहनुहुन्छ? आउनुहोस्। तपाईं आउनुभयो भने पास्टरबुबाले तपाईंको निम्ति प्रार्थना गर्नुहुनेछ र तपाईं निको हुनुहुनेछ।" उसको त्यो वचनले आमाको कोमल हृदय छियाछिया भयो।

"अहिले मलाई सञ्चो छैन। अर्को साबथ म तिमीसँगै चर्चमा आउनेछु" भनेर उनले वचन दिइन्। अनि अर्को साबथदेखि उनी पनि स्कूलमा रहेको चर्चमा जान थालिन्।

"मेरो छोराले परमेश्वरलाई माया गर्छ। यो धेरै असल कुरो हो। हामी पनि ज्योतिमा हिँड्नुपर्छ भनेर परमेश्वरले उसलाई हाम्रो घरमा जन्मनदिनुभएको हो भनेर म सोच्दछु" आमाले खुशी भएर भनिन्।

"आमा प्रार्थना गर्नु धेरै राम्रो होइन र? अब तपाईंले बान्ता गर्न छोड्नुभएको छ" लेताबोले आमाको अवस्था देखेर उसले एक दिन भन्यो। "हो बाबु, तिमीलाई धेरै-धेरै धन्यवाद छ। म चर्चमा आइरहनेछु" भनेर आमाले पनि आफ्नो छोरोलाई वचन दिएकी थिइन्।

"यो स्कूल खडा गर्नुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन चाहन्छु। स्कूलमा चाहिने सबै सामग्रीहरू उपलब्ध गराइयोस् भनि म परमेश्वरसँग प्रार्थना गर्दछु" खोमोलिमोले भावुक भएर भनिन्।

लेखकः आन्द्र्यु मेकचेस्ने।